बालबालिकाका लागि बाइबल
को प्रस्तुती



# सुन्दर
# एस्तर रानी

लेखन: Edward Hughes

चित्र: Janie Forest

संयोजन: Ruth Klassen

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

©2017 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।

एक सुन्दरी केटी जसको नाउँ एस्तर थिइन्। जब तिनका आमा अनि बाबु मरे तब मोर्दकैले तिनलाई आफ्नै छोरीजस्तै गरी पालेका थिए। एस्तरले मोर्दकैलाई असल छोरीझैं आज्ञाकारी भई इज्जत गर्थिन्।





एस्तर फारसमा बस्थिन्। तर तिनी फारसी थिइनन्। उनी यहूदी थिइन्। तिनका पिता पुर्खाहरू फारसमा लड़ाईको कैदी भएर आएका थिए। एस्तरको समयमा धेरै यहूदीहरू फारसमा बस्थे।

फारसका राजाले सबै संसारका रानीहरूको



लागि ठूलो भोज राखे। ती पुरूशले स्त्रीबाट अलग गरी खाए जोहरूले रानी वष्तीसंग पनि खाइरहेका थिए।



रानी वष्तीलाई राजकीय षिरपेच लाएर आफ्नो सौन्दर्य देखाउन राजाबाट हुकुम गरे तर रानी वष्तीले इन्कार गरिन्।

सबै स्त्रीहरूले
आफ्ना पतिहरूको
आदर गर्नुपर्छ।
राजाले वर्ष्तीबाट
षिरपेच खोसिने
एउटा कानून पारित
गरे। त्यहाँदेखि
तिनी रानी भइनन्।



नयाँ रानी बनाउनलाई खोजी गरे। सबै सुन्दरी स्त्रीहरूमध्ये राजाले एस्तरलाई आफ्नो पत्नी बनाउन छाने। उनले राजकीय षिरपेच उनको षिरमा राखे। एस्तरले राजालाई तिनी यहूदी हो भनी भनिनन् अर्नि तिनका मोर्दकैले पनि नभन्नु भनी भने।



एस्तरको खबर सुन्न मोर्दकैले राजघरको अघि धेरै समय बिताउँथे। एकदिन दुइ चाकरहरूले राजालाई मार्ने शड़यन्त्र गरिरहेको खबर सुने। राजाको जीवन बचाउन मोर्दकैले राजालाई चेताउनी पठाए। ती चाकरहरू मारिए अनि मोर्दकैको नाउँ राजाको पुस्तकमा अभिलेख गरिए।



दोस्रो पदमा रहेका एक व्यक्ति हामान थिए। जब हामान नजीकबाट जान्थे तब सबैले उनलाई निहुरेर दण्डवत गर्थे। सबैले-एक जना बाहेक।
यहूदी भएको नाताले मोर्दकैले चाहिँ जिउँदो परमेष्वरलाई मात्र दण्डवत गर्थे।



हामानले मोर्दकैलाई घृणा गर्थे अनि तिनले उसलाई साथै सबै फारसमा भएका यहूदीलाई मार्ने निर्णय गरे। कस्तो डरलाग्दो! दुश्ट हामानले राजालाई राज्यमा भएका सबै यहूदीहरूलाई मार्नुपर्छ भनी कानून बनाउन लगाए।



त्यो एउटा भयानक कानून थियो।



यहूदी अनि फारस दुवै मौन भए। तर याद गरौं कि परमेष्वरले एस्तरलाई रानी बनाए। अनि उनी एक यहूदी थिइन्। के तिनले आफ्नो गुप्त कुरा राजाबाट लुकाउन सके? अथवा के तिनले मार्न जोखिम उठाउन सके अनि मानिसहरूलाई बचाउन सके?

परमेष्वरले एस्तरलाई एउटा चतुर विचार दिए। तिनले राजा अनि हामानलाई भोजमा निमन्त्रणा दिए। त्यहाँ राजाले तिनलाई जे पनि माग्न सक्छौं भनी भने। “भोली, राजा अनि हामानलाई भोजमा बोलाऊ ...” भनेर एस्तरले भनिन्। त्यसपछि तिनलाई के चाहिन्छ सो तिनले



राजालाई भनिन्।

यसै बीचमा, हामानले
मोर्दकैलाई फाँसी दिनको
लागि एउटा काठको
साधन तयार गरे।





त्यो रात राजा सुत्नै सकेन। न्यायको अभिलेख पढ़दा उसले देख्छ कि मोर्दकैले उसको जीवन बचाउनको लागि कहिल्यै पनि पुरश्कृत भएन्।



अर्को बिहानी, राजाले हामानलाई सोधे, “राजाले सम्मान दिन इच्छा गरेका मानिसलाई के गर्नुपर्छ?” हामान खुषी भएका थिए। राजाले मलाई नै सम्मान दिने रहेछ भनी बुझे।



हामान मोर्दकैलाई फाँसीमा
झुण्ड्याउन भनी राजालाई
अनुमति माँग्न आएका थिए।
फाँसीको काठ पहिलै तयार
थियो र
उसले
पर्खन
सके।

उतेजितले, हामानले उसको प्रस्ताव पोख्न थाले। “राजाको पोषाक अनि षिरपेच ती मानिसलाई लगाइओस्।” “राजाको घोड़ामाथि बसाइओस्।





राजकिय राजकुमारलाई सबैले हेर्ने गरी सबै षहरमा त्यस मानिसलाई हिड़ाइओस्।'' ''छिटोगरी, यहूदी मोर्दकैको निम्ति गर,'' भनी राजाले हामानलाई आज्ञा गरे।



हामानले मोर्दकैलाई आदरको साथ सबै षहरमा डोर्‍याएर हिड़्यो भनेर तपाईंले सोच्नुभएको छ? उसले मोर्दकैलाई पहिलेको भन्दा अझ धेरै घृणा गर्न लागे।

“मौर्दकै चाँड़ैनै अरू
यहूदीहरू संगसंगै मर्नेछन्
भनी एक क्षण,” हामानले
सोचे।



त्यसपछि, राजा र हामान रानी एस्तरसित भोजन गर्न गए। "तिम्रो के बिन्ती छ?" भनी राजाले सोधे। उसले आफ्नो प्रतिज्ञा भुलेका थिएनन्। हामानको सबै दुश्ट शड्यन्त्रको विशयमा राजालाई रानी एस्तरले बताइदिए। "उसलाई झुण्ड्याऊ" भनी राजाले भने।



त्यसपछि राजाले यहूदीहरूलाई रक्षा गर्न अर्को एउटा कानून पारित गरे। तिनीहरू बाचे अनि मोर्दकै दोस्रो पदको हाकिम बनिए र सबै यहूदीहरू आनन्दित भएर एकाअर्कालाई उपहारहरू दिए।



# सुन्दर एस्तर रानी

## परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

# एस्तर

"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ ।"
भजनसंग्रह ११९:१३०

समाप्त

बाइबलको यो कथाले हाम्रा अद्‌भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्‌ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्‌नो घरमा जानुभयो। यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ। अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी
विश्वास गर्छौ भने परमेश्वरलाई यसो भनः
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको
निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित
हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो
जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले
अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ ।
तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको
निम्ति जिउन मलाई सहायता गर्नुहोस् । आमेन ।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर ।

यूहन्ना ३:१६